## १. भूमिका

नेपाल सरकारले औद्योगिकरणको प्रक्रियालाई बेरोजगारी न्यूनीकरण र गरिवी निवारणको एक सशक्त माध्यमको रुपमा लिएको छ । यसबाट सीमान्तकृत कृषि क्षेत्रमा रहेको निभर्रता घटाउन त मद्दत पुग्छ भने औद्योगिकरणको प्रक्रियाबाट व्यापार सन्तुलन, राष्ट्रिय अर्थतन्त्रमा योगदान तथा सोबाट राष्ट्रिय सम्मुनतिमा सकारात्मक असर पर्ने विश्वास लिइएको छ । निजी क्षेत्रलाई सक्रिय हुन सक्ने वातावरण निर्माण गरी नेपाल सरकारले निजी क्षेत्रको प्रर्वद्धनको लागि केही व्यवहारिक तर प्रभावकारी नीतिगत उपायहरु अवलम्बन गरेमा पनि देशले अपेक्षा गरेको दिगो आर्थिक विकास हुन सक्ने कुरामा सन्देह छैन । त्यसै गरी राज्यले निजी क्षेत्रलाई विकासको संवाहकको रुपमा लिंदै यसबाट सिर्जित उद्यमशीलता प्रवर्द्धनको गतिविधिबाट रोजगारी तथा स्व-रोजगारी अवसरको सृजना भइ विपन्न तथा सीमान्तकृत वर्गको आयमा बृद्धि भई गरिवी निवारणमा सहायक हुने अपेक्षा गरी आएको छ । बढदो र फल्दो फुल्दो व्यवसायले मात्र रोजगारीको अवसर सृजना गर्ने तथा स्थिर आम्दानीको सुनिश्चितता गर्दै सह्रशाब्दी विकास लक्ष्यले निर्धारण गरेको गरिबीको अनुपात आधा घटाउने तथा नयां पुस्ताका लागि अवसरको निर्माण गर्ने लक्ष्य प्राप्त गर्ने दिशामा मार्ग प्रसस्त गर्न सक्तछ । यसै गरी प्रतिस्पर्धी र तुलनात्मक लाभ भएका लगानीको क्षेत्रमा विदेशी लगानीको माध्यमबाट आवश्यक पूंजी र प्रविधि भित्र्याई औद्योगिकीकरणलाई गति दिने उद्देश्य पनि नेपाल सरकारले राखिआएको छ ।

नेपालमा औद्योगिकीकरणको प्रयास शुरु भएको लामै अवधि व्यतित भएको भएतापनि यो शैशव अवस्थामै रहेको र विभिन्न कारणले गर्दा राम्ररी स्थापित भैसकेका र राम्रो सम्भावना बोकेका स्वदेशी उद्योगका उत्पादनहरुले आन्तरिक र अर्न्तराष्ट्रिय बजारमा प्रतिस्पर्धी क्षमता गुमाउन थालेका छन् । भू-राजनीतिक अवस्थिति, उच्च यातायात तथा व्यवसायिक लागत, सानो बजार, प्रविधि र पूंजी माथि न्यून पहुंचमा कमी, स्थानीय स्रोतको सीमितता, न्यून पृष्ठ र अग्र अन्तर्सम्बन्ध, विदेशी लगानी आकर्षण गर्न सक्ने क्षमताको अभाव जस्ता अर्न्तनिहित कारणले त नेपाली उद्योगहरुको प्रतिस्पर्धी क्षमतामा प्रभाव पारी आएकै थिए, त्यसदेखि बाहेक हालका वर्षहरुमा विकसित अस्थिरता, सामाजिक द्वन्द, शान्ति र सुरक्षाको स्थितिमा आएको ह्रास, श्रम नीतिमा अलचकता र विग्रंदो औद्योगिक सम्बन्ध, व्यवसाय-मैत्री वातावरणको अभाव, अर्न्तराष्ट्रिय बजारको पहुंचमा बढ्दो प्राविधिक अवरोध, प्रशिक्षित मानव स्रोतको पलायन, विद्युतको अभाव आदि कारणले गर्दा नेपाली उद्योगहरुको भैरहेको स्थितिमा समेत झनै नकारात्मक असर पारेको छ । राज्यले अपनाएको खुला बजार अर्थनीति, सस्तो तथा कम गुणस्तरका आयातित सामानहरुमा घट्दो भंसार महसुल, र खुला तथा अनियन्त्रित अर्न्तराष्ट्रिय सिमानाको कारणबाट नेपाली पैठारी प्रतिस्थापक उद्योगहरुले स्वदेशी बजारमा विदेशबाट हुने आयातसंग तीव्र प्रतिस्पर्धाको सामना गर्न परिरहेको अवस्थामा अर्कोतिर निकासीमूलक उद्योगहरुले व्यापार सहयोगी संरचनाको अभाव, निकासीजन्य उत्पादनहरुको गुणस्तरमा एकरुपताको कमी, अर्न्तराष्ट्रिय बजारको पहुंचमा बढ्दो प्राविधिक अवरोध, अपर्याप्त कानूनी संरचना, सिमित बजार र सिमित निकासीजन्य उत्पादनमा निकासी क्षेत्रको निर्भरता, निकासी व्यापारमा बढ्दो व्यवसायिक लागत जस्ता समस्याहरुबाट पिरोलिनु पर्दा समस्त उद्योग क्षेत्रनै अस्तव्यस्त हुन पुगेको छ । त्यस माथि पनि हालैको अर्न्तराष्ट्रिय आर्थिक मन्दीको फलस्वरुप विकसित मुलुकहरुमा अपनाइन थालिएको नव-आर्थिक राष्ट्रवादको नीतिबाट विकासोन्मुख मुलुकहरु झनै नराम्रो स्थितिबाट गुज्रनु पर्ने अवस्था देखिएको छ ।

अर्कोतिर नेपालले सन् २००४ मा विश्व व्यापार संगठन र यसको साथसाथै साफ्टा (SAFTA) तथा बिम्स्टेक (BIMSTEC-FTA) जस्ता क्षेत्रीय खुला व्यापार सन्धिहरुमा प्रवेश गरेपछि नेपालको वैदेशिक व्यापारमा सम्भावना र चुनौती दुवै थपिएर आएको छ । यस्तो अवस्थामा व्यापार तथा लगानी सम्बन्धी नीतिहरु, जुन हालसम्म विभिन्न सरकारी निकायहरुबाट परोक्ष तथा प्रत्यक्ष ढंगबाट स्वतन्त्ररुपबाट परिचालन र संचालित भएर आएका छन्, तिनलाई समावेशी र दिगो रुपबाट एक अर्कोलाई परिपूरक हुने ढंगबाट परिमार्जन र मिलान गरी, उद्योग सहयोगी निकायहरुको सुदृढीकरण गर्दै निजी क्षेत्रको अग्रसरतामा विदेशी लगानीलाई समेत आकर्षित गर्ने गरी भैरहेका उद्योगहरुको संरक्षण गर्दै दिगो तथा आन्तरिक बजार तथा अन्तराष्ट्रिय क्षेत्रमा प्रतिस्पर्धी हुने खालको औद्योगिक विकासको जग खडा गर्न आवश्यक हुन आएको छ ।

माथिको पृष्ठभूमिमा प्रस्तुत कार्यपत्रले व्यापार तथा लगानी प्रर्वद्धनको क्षेत्रमा नेपाल सरकारले अवलम्बन गरेको नीति, निजी क्षेत्रको नेतृत्वमा गरिने आर्थिक विकासलाई टेवा पुर्‍याउन तत्काल चालिनु पर्ने कदमहरु तथा व्यापार तथा लगानी प्रर्वद्धनको लागि दातृ राष्ट्र तथा निकायहरुसंग सहकार्यको प्रस्ताव तथा सोको कार्यान्वयन गर्न कार्ययोजनालाई अघि सारेको छ ।

## २. उद्योग तथा लगानीको स्थिति

नेपालले बिसौं शताव्दीको अन्ततिर आफ्नो अर्थतन्त्रलाई वाह्य जगतसंग खुला गराएपछि मात्र विश्व व्यापारको उतारचढावसंग परिचित हुन थालेको हो । सन् १९८० को अन्त्यतिर र खासगरी सन् १९९० मा नेपालमा प्रजातन्त्रको पुनःस्थापना भएपछि नेपालको विकास

लक्ष्यले विश्व अर्थतन्त्रको प्रवाहमा समाहित हुने कुरामा बढी ध्यान दिन थालेको देखिन्छ, जुन ऐतिहासिक कालदेखि अपनांउदै आएको बन्द अर्थतन्त्रको नीतिबाट ठूलो प्रस्थान बिन्दु मान्न सकिन्छ । सन् १९९२ मा ल्याइएको नयाँ औद्योगिक, वैदेशिक लगानी र वाणिज्य नीतिले उद्योग तथा निकासी व्यापारका लागि आयकर छूट, पैठारी इजाजतको खारेजी, चालु खातामा नेपाली मुद्राको परिवर्त्यता, संयुक्त लगानीमा वित्तीय संस्थाहरुको स्थापना आदि जस्ता वित्तिय तथा राजस्व प्रोत्साहनको व्यवस्था गरी राष्ट्रिय अर्थतन्त्रलाई खुला गर्दै निजी क्षेत्रलाई विकास प्रयासमा अग्रणी स्थान दिने जमर्को गरेको थियो ।  अर्थतन्त्रलाई उदार बनाइए पछि नेपाली उत्पादनले एकतर्फी रुपबाट भारतीय बजारमा शुन्य भन्सार दरमा प्रवेश पाउने व्यवस्था भएको नेपालको व्यापारिक हित अनुकूल हुने गरी सन् १९९६ मा भारतसंग भएको व्यापार सन्धिले आर्थिक र औद्योगिक अर्न्तक्रियालाई अझ बढाएको थियो । सन् २००२ मा भारतसंग भएको अर्को वाणिज्य सन्धिले थपेको प्रावधानले केही नेपाली उत्पादनमा लगाएको कोटा तथा मूल्य अभिवृद्धि निर्धारणमा गरेको कडाईले नेपाली उत्पादनको भारत निकासी केही केही मात्रामा संकुचित हुन पुगेको छ । यस परिच्छेदमा नेपाल सरकारले अवलम्वन गरेको आर्थिक उदारीकरणको नीति पश्चात् लगानी र व्यापारको क्षेत्रमा निजि क्षेत्रलाई मूल प्रवाहको रुपमा स्थापित गर्न चालेका प्रयासहरु र सोबाट जर्गेना भएको उपलव्धिलाई चर्चा गरिएको छ ।

## २.१ प्रयासहरु (Initiatives)

- उद्योग र वाणिज्य क्षेत्रको प्रभावकारी प्रर्वद्धन तथा निजी क्षेत्रको नेतृत्वदायी भूमिकालाई सहयोगी हुने गरी तथा स्वस्थकर बजार, प्रतिस्पर्धा, कर्पोरेट तथा लगानीको वातावरण स्थापना गर्न दोश्रो चरणको सुधार कार्यक्रमको रुपमा कम्पनी ऐन, दामाशाही ऐन, गैर-आवासीय नेपाली ऐन, प्रतिस्पर्धा ऐन, साइबर ऐन आदि कार्यान्वयनमा आइसकेको र विशेष आर्थिक क्षेत्र ऐन तथा लगानी बोर्ड ऐनहरु घोषणा हुने क्रममा छन् ।

- दश वर्षे जनयुद्ध र ऐतिहासिक जन आन्दोलन एवं संविधान सभाको निर्वाचन पश्चात गठन भएको संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्यको पहिलो सरकारले सरकारी-निजी- साझेदारीको आधारमा आर्थिक विकास गर्ने र हालको संयुक्त सरकारको न्यूनतम आर्थिक कार्यक्रमलाई पृष्ठपोषक हुनेगरी नयाँ आद्योगिक र विदेशी लगानी नीति ल्याउन लागिएको छ । प्रस्तावित नीतिमा खासगरी निजी क्षेत्रलाई तुलनात्मक लाभको क्षेत्रको उपयोग गरी विश्व बजारमा प्रतिस्पर्धी हुन सक्ने तुल्याउन प्रक्रियागत सरलता, प्रविधि हस्तान्तरणको प्रवर्द्धन, विदेशी लगानीको प्रवाह, उत्पादकत्व र उद्योगको कार्यकुशलतामा अभिवृद्धिलाई विशेष जोड दिइएको छ ।

- ग्रामीण क्षेत्रमा समावेशी ढंगबाट स्व-रोजगार उपलब्ध गराउने उद्देश्यवाट लघु उद्यम विकास नीति कार्यान्वयनमा ल्याईएको र सोको प्रभावकारी कार्यान्वयनको लागि कर्णाली र सेती अन्चलका दूर्गम जिल्ला समेत गरी ३० वटा जिल्लामा उद्यम विकास कार्यक्रम संचालन भईरहेको छ ।

- सरकारी क्षेत्रमा रहेका व्यवसायिक प्रतिष्ठानहरुलाई निजीकरण गर्ने क्रममा आ.व. ०६३।६४ सम्ममा जम्मा २७ वटा प्रतिष्ठानहरुलाई निजीकरण गरिसकिएको छ ।

- विशेष आर्थिक क्षेत्रलाई लगानीको मुख्य आकर्षण केन्द्रको रुपमा विकास गर्न भैरहवा निकासी प्रशोधन क्षेत्रको निर्माण कार्य भैरहेको छ । त्यसैगरी वीरगन्ज, काँकडभित्ता र पाँचखालमा विशेष आर्थिक क्षेत्र स्थापना गर्न प्रारम्भिक कार्य शुरु भैसकेको छ ।

- पूर्वाधार विकासको क्षेत्रमा निजी क्षेत्रको लगानी आकर्षण गर्ने उद्देश्यले निर्माण-संचालन तथा हस्तान्तरण (BOT) ऐन को तर्जुमा  भएको छ ।

- गैर आवासीय नेपालीहरुको लगानीलाई प्रश्रय दिन तथा सहज तुल्याउन गैरआवासीय नेपाली ऐन तथा नियमको तर्जुमा भै कार्यान्वयनमा आइसकेको छ ।

- ठूला उद्योग तथा पूर्वाधार परियोजनाहरुमा निजी क्षेत्रको लगानीलाई सहज उच्चस्तरीय लगानी वोर्डको स्थापना गर्ने प्रक्रिया शुरु भएको छ ।

- निजी क्षेत्रको अग्रसरता तथा सहकार्यमा युवा उद्यमीहरुको विकास तथा प्रवर्द्धन गर्न इन्कुवेसन सेवाको संचालन भैरहेको छ ।

## २.२ कार्यकुशलता (Performance)

- नेपालमा नीतिगत प्रयासको बावजूद उद्योगको कार्यकुशलतामा खासै अभिवृद्धि भएको छैन । सन् १९९० मा आर्थिक उदारीकरणको क्रमसंग औद्योगिकरणको गतिले पनि फड्को मार्न थालेको थियो । सन् १९८८ तथा १९९० को शुरुमा रहेको ९ प्रतिशतको औद्योगिक वृद्धिदर सोको २ वर्षपछि २० प्रतिशतसम्म पुगेको थियो । तर यो क्रममा क्रमशः ह्रास हुन गइ आ.व. २०५६/५७ मा आइपुग्दा यो वृद्धिदर घटेर नकारात्मक हुन पुगेको थियो । सो बर्ष कूल राष्ट्रिय उत्पादनमा उद्योग क्षेत्रको योगदान करिव ९ प्रतिशत रहेकोमा हाल आएर यो ७.१ प्रतिशतमा खुम्चिन पुगेको छ । त्यसैगरेर आ.व. २०६४।६५ मा औद्योगिक वृद्धिदर २.५५ प्रतिशत छ भने आर्थिक वर्ष २०६५/६६ मा यो घटेर ०.१८ प्रतिशतमा रहने अनुमान गरिएको छ । विगतको दशौं योजनाले निजी क्षेत्रको प्रर्वद्धन र प्रयासबाट औद्योगिक उत्पादनमा वृद्धि तथा विस्तार गरी कूल राष्ट्रिय उत्पादनमा उद्योग क्षेत्रको योगदान बढाउने उद्देश्यलाई आत्मसात गर्दै कूल राष्ट्रिय उत्पादनमा उद्योग क्षेत्रको योगदान ९.३२ प्रतिशत र वार्षिक औद्योगिक वृद्धिदर ७.८ प्रतिशत पुऱ्याउने लक्ष्य लिएको भएतापनि योजना अवधिमा यो क्रमशः ८.४ प्रतिशत र १.९५ प्रतिशत मात्र पुग्न सकेको थियो । त्यसै गरी यस अवधिमा देशको पैठारीमा ८.७ प्रतिशतले वृद्धि भएको दांजोमा निकासी मात्र ०.५ प्रतिशतले वृद्धि भएबाट व्यापार घाटालाई १२.२ प्रतिशतमा सीमित गर्ने लक्ष्य भन्दा यो बढेर १५.५ प्रतिशत पुगेको थियो ।
- चालु त्रिवर्षिय अन्तरिम योजनाको प्रथम वर्ष अर्थात आ.व. २०६३।६४ मा २१४ वटा वैदेशिक लगानीका परियोजनाको लागि रु ९.८ अर्व वैदेशिक लगानी स्वीकृत भएको छ, जस्को करिव एक चौथाई अंश जलविद्यूत परियोजनाहरुमा लगानी हुनेछ । त्यसैगरी कूल लगानीको करिव १३ प्रतिशत उत्पादनशील उद्योगहरुमा प्रवाह हुनेछ । यस अवधिमा २२७ वटा मध्यम तथा ठूला परियोजनाहरुमा स्वदेशी निजी क्षेत्रवाट करिव रु १५ अर्व लगानी गर्ने गरी स्वीकृति प्रदान गरिएको छ, साथै ९,५०० वटा साना तथा घरेलु उद्योगमा रु. ८ अर्वको लगानीलाई समेत स्वीकृत गरिएको छ । अर्कोतिर भने ठूला उद्योगहरु जस्तै सिमेन्ट, कागज, फलाम तथा स्टील, कपडा, धागो तथा चिनी उद्योगहरु औद्योगिक सम्वन्ध र विद्यूतको समस्याले गर्दा ५० प्रतिशत क्षमतामा मात्र चल्न वाध्य भएका छन् ।
- रोजगारी प्रवर्द्धन र संख्याका दृष्टिकोणवाट उत्पादनशील उद्योगहरुमध्ये लघु र साना उद्योगहरु नेपालको औद्योगिक क्षेत्रमा बढी प्रभावकारी देखिन्छन् । आ.व. २०५७।५८ मा गरिएको औद्योगिक सर्वेक्षणले देखाएको नतिजा अनुसार कूल ३,२१२ उत्पादनशील उद्योगहरु मध्ये ३,०९१ (९६.२ प्रतिशत) यस वर्गमा पर्ने तथा तिनले १,३९,५६२ (७७.८ प्रतिशत) जनालाई रोजगारी प्रदान गरेका छन् । उत्पादनशील उद्योगहरु मध्ये करिव ५० प्रतिशत ग्रामीण क्षेत्रमा केन्द्रीत छन् । यस्ता उद्योगहरुले रु. ८६,५५२ को लगानीमा एउटा रोजगारीको श्रृजना गर्ने गरेका छन् भने यसो गर्न ठूला उद्योगले रु. ६,६७,५६३ को लगानी गर्नुपर्ने कुरा उक्त सर्वेक्षणले जनाएको छ । यसवाट के स्पष्ट हुन्छ भने ग्रामीण क्षेत्रमा कृषि पछि लघु तथा साना उद्योग सवभन्दा महत्वपूर्ण रोजगारदाताको रुपमा देखिन आएको छ ।
- सन् २००२ र २००७ को औद्योगिक सर्वेक्षणलाई तुलना गर्दा मूल्यांकन अवधिमा उद्योग संख्यामा वृद्धि भएतापनि रोजगारीको संख्यामा ह्रास आएको छ । आ.व. २०४९।५० मा ६०७ वटा ठूला तथा मझौला उद्योगहरुले स्थापनाको स्वीकृति लिएका थिए भने हाल सो संख्याले २०० पनि नाघ्न सकेको छैन ।
- नोभेम्वर २००८ सम्ममा १,५९१ वटा पूर्ण विदेशी वा संयुक्त लगानीका परियोजनाहरुलाई स्वीकृति प्रदान गरिएको छ, जसमा रु. १२१ अर्व कूल लगानी र ४६ अर्व विदेशी लगानी हुने अनुमान गरिएको छ । हाल नेपालमा लगानी गर्ने देशहरुको संख्या ५८ पुगेको छ ।
- आ.व. २०५६।५७ को तुलनामा हाल आएर विदेशी लगानीको गुणस्तरमा समेत ह्रास आएको छ । हाल कम लगानी चाहिने र थोरै रोजगारी श्रृजना गर्ने सेवा तथा पर्यटन उद्योगहरुमा लगानी आकर्षण हुने गरेको देखिन्छ । त्यसैगरी तलको तालिका १ अनुसार परियोजना संख्यामा वृद्धि भएतापनि प्रचलित यथार्थपरक विनिमय दरको दृष्टिकोणवाट लगानीको आकारमा वृद्धि हुन सकेको छैन ।

तालिका १: क्षेत्रगत विदेशी लगानी - आ.व. २०५६।५७ र २०६२।६३ को तुलनात्मक स्थिति

| लगानीको क्षेत्र | परियोजना संख्या | | विदेशी लगानीको अंश (रु. १० लाखमा) | |
|---|---|---|---|---|
| | आ.व. २०५६।५७ | आ.व. २०६२।६३ | आ.व. २०५६।५७ | आ.व. २०६२।६३ |
| कृषिजन्य उद्योग | १ | १ | १०.० | ५.० |
| निर्माण उद्योग | - | ५ | - | ७८.२ |
| उर्जाजन्य उद्योग | ३ | १ | ३९५.६ | ३०.३ |
| उत्पादनशील उद्योग | ५४ | ४४ | १८१६.० | १८९७.९ |
| खानीजन्य उद्योग | — | १ | - | १०.० |
| सेवा उद्योग | १९ | ८१ | ३४३.१ | ९३८.२ |
| पर्यटनजन्य उद्योग | १९ | ५५ | ५३७.९ | २६७.१ |
| **जम्मा** | **९६** | **१८८** | **३१०२.६** | **३२२६.७** |

**श्रोत : उद्योग विभाग**

- विश्व व्यापारमा नेपालको तुलनात्मक लाभ श्रोत तथा श्रममा आधारित उत्पादनहरुमा देखिन्छ । नेपालको ९५ प्रतिशत निर्यात यिनै वर्गका उद्योगमा आश्रित रहेका छन्, उदाहरणको लागि दाल, जडिवुटी, मसला, छाला तथा छालाका उत्पादन, उनी गलैंचा, तयारी पोशाक, पश्मिना आदि विश्व प्रतिस्पर्धामा परीक्षण भैसकेका उत्पादनहरु हुन् । यिनको विस्तारमा सन्तोषजनक प्रगति भएतापनि विश्व व्यापारमा नेपालको अंश भने ज्यादै न्यून रहेको छ ।

- भैरहवामा निर्माणाधीन निर्यात प्रशोधन क्षेत्रको प्रगति सन्तोषजनक ढंगवाट भैरहेको र वीरगन्जमा विशेष आर्थिक क्षेत्रको प्रारंभिक निर्माण कार्य शुरु भएको छ । त्यसैगरी नेपाल गुणस्तर तथा नापतौल विभागलाई राष्ट्रिय गुणस्तर मापक केन्द्रको रुपमा विकास गर्न यूरोपियन यूनियनको सहयोगमा कार्य भैरहेको छ । खानी तथा भूगर्भ विभागवाट सुर्खेत र दाङ्गमा सिमेन्ट कारखानाको स्थापना, काठमाडौंमा प्राकृतिक ग्यास भण्डारको प्रवर्द्धन आदि तर्फ पहल भैरहेको छ ।

- विदेशी व्यापारको लागत घटाउन तथा आयात निर्यात प्रक्रियालाई सरलिकरण गर्न वीरगन्ज, भैरहवा र विराटनगरमा सुख्खा वन्दरगाहको निर्माण भएको छ । साथै उत्तरी नाकाको तातोपानीमा पनि सुख्खा वन्दरगाहको निर्माण गर्ने कार्यक्रम रहेको छ ।

## २.३ विद्यमान चुनौतीहरु (Challenges)

- कुनै मुलुकको प्रतिस्पर्धी क्षमताले विश्व आर्थिक मूल प्रवाहमा समाहित भएपछि सोवाट सिर्जित लाभ हासिल गर्ने कुरामा मुख्य भूमिका खेलेको हुन्छ, जस्को अर्थ कतिको कुशलतापूर्वक वस्तु उत्पादन गर्ने र विश्व बजारमा सोलाई स्थापित गर्ने भन्ने विषय हुन आँउछ । वहुपक्षीय र क्षेत्रीय व्यापार सन्धिहरुमा नेपालको प्रवेशले यसको लागि अवसर र चुनौती दुवैको श्रृजना गरेको छ । उदारीकरण र विश्वव्यापीकरणले नेपाललाई लगानीको आकर्षक गन्तव्यको रुपमा स्थापित गरिदिँदा यसले नेपाली उत्पादनहरुको लागि विश्व वजारको ढोका खोलिदिएको भएतापनि आन्तरिक बजारमा नेपाली उत्पादनहरुले पनि उत्तिकै रुपमा प्रतिस्पर्धाको सामना गर्नुपर्ने स्थिति उत्पन्न गरिदिएको छ । विश्व व्यापार संगठनमा प्रवेश गर्दा नेपालले गरेको प्रतिवद्धता अनुसार नेपालले

आयात हुने विदेशी उत्पादनमा लाग्ने महसुलमा ह्वात्तै कम गरिदिएकोले नेपाली उत्पादनले आन्तरिक बजारमा पनि सस्तो विदेशी उत्पादनको सामु बजार गुमाउनु पर्ने स्थिति उत्पन्न भएको छ। यस पृष्ठभूमिमा निजी क्षेत्रको विकास र प्रतिस्पर्धात्मक क्षमतामा अभिवृद्धिले बदलिंदो विश्व र क्षेत्रीय आर्थिक परिवेशमा पहिले भन्दा वढी प्राथमिकता पाउनपर्ने कुरामा कुनै विवाद छैन ।

- आर्थिक उदारीकरणको वावजूद नेपालको प्रतिस्पर्धी क्षमता र श्रम उत्पादकत्व विश्वमै न्यून रहेको छ। संस्थागत संरचना, पूर्वाधार, बजार विकास तथा प्रविधि क्षमताको आधारमा निर्धारित विश्व प्रतिस्पर्धी सूचकांकको दृष्टिकोणवाट १२५ राष्ट्रहरुको सूचिमा नेपालको स्थान ११० औं रहेको छ। व्यापार र औद्योगिकरणमा सघाउ पुर्‍याउने प्रभावकारी संस्थागत र कानूनी संरचनाको नितान्त अभाव रहेको छ।

- नेपालमा दर्ता हुने उद्योग व्यवसायमा २५ प्रतिशत मात्र संचालनमा आउने र सोको ५० प्रतिशत पनि संचालन भएको ५ वर्ष भित्र वन्द हुने स्थिति विद्यमान छ।

- लघु तथा साना उद्योगहरुले निर्यात बजारमा प्रवेश गर्न अनगिन्ती समस्याहरुको सामना गर्नुपर्ने हुन्छ। सानो संचालन स्तर, कमजोर प्रविधि, पूँजि प्राप्ति तथा कच्चा पदार्थमा पहुँचको समस्याले गर्दा तिनीहरुको प्रतिस्पर्धी क्षमता त प्रभावित भएकै छन्, सोदेखि वाहेक हालै विकसित श्रम विवाद, असुरक्षा, बढी कारोवार लागत, विश्व बजारमा विकसित गैर भन्सार अवरोधको कारण तिनीहरु अझै मर्माहत भएका छन्। नेपाली उद्योगहरुमा प्रविधि हस्तान्तरणका, व्यवसाय सहयोग, तालिम र प्रविधि सहयोग आदिको लागि प्रभावकारी संस्थागत व्यवस्था नहुँदा उत्पादकत्व अभिवृद्धि गर्ने कुनै उत्प्रेरणा विद्यमान छैन। श्रम बजारमा लचकता नहुँदा निजी क्षेत्रका उद्योगहरुले तालिममा लगानी गर्ने तर्फ उदासीन रहेका छन्।

- नेपालमा हाल आएर बढ्दो असुरक्षा, अस्थिर राजनैतिक वातावरण, चंदा अपहरण आतंक जस्ता कारणहरुले गर्दा नयाँ लगानी आउने वातावरण बन्न सकेको छैन, भएका उद्योगहरु समेत पलायन हुने स्थितिमा पुगेका छन्। बन्द हडतालले गर्दा उद्योगहरुको क्षमता उपयोग कम रहेको र उत्पादित बस्तुहरु पनि बजारमा पुग्न नसक्दा यसको मार उद्योग र उपभोक्ता दुवैमा उत्तिकै परेको छ। कानूनको शासनको स्थापना र शान्ति सुरक्षामा पर्याप्त तुरन्त ध्यान पुग्न नसकेमा यसको प्रभाव दीर्घकालसम्म लगानी प्रवाहमा पर्न सक्ने देखिन्छ।

- विदेशी लगानीले नयाँ सीप, प्रविधि र लगानी ल्याउने हुनाले आर्थिक विकासमा यसवाट ठूलो योगदान हुने कुरा निर्विवाद छ। स्थानीय उद्योग व्यवसायलाई करारमा उत्पादन गराएर तथा अन्य संयुक्त उपक्रमवाट विदेशी लगानीकर्ताले तिनलाई विश्व आपूर्ति श्रृंखला तथा विश्व वजार संग परिचित गराईदिन सक्दछन्। तसर्थ नेपालले विदेशी लगानी भित्र्याउने वातावरण निर्माण गर्ने विषयलाई प्राथमिकता क्रममा राख्न जरुरी भएको छ।

- नेपालले आफ्नो प्रतिवद्धता अनुरुप आफ्नो आयात महसुल दर कम गरेतापनि सोको उत्पादनले ठूला व्यापारिक साझेदार र विकसित देशहरुबाट तिनका बजारमा बिना भंसार महशुल प्रवेश पाउन सकेको छैन।

औद्योगिकरणको दिशामा हालसम्म गरिएका प्रयासहरुवाट नेपालले के अनुभव गरेको छ भने राज्यले सहजकर्ता तथा अविभावकको भूमिका निर्वाह गरिदिएर निजी क्षेत्रलाई आर्थिक विकासमा अझ वढी भूमिका प्रदान गर्नुपर्ने तथ्य टड्कारो छ। निजी क्षेत्रको लगानीलाई औद्योगिक आधार विस्तार तथा निकासी प्रवर्द्धनतर्फ निर्देशित गर्न सकिएमा मात्र देशमा आर्थिक अन्तरक्रिया तथा गतिविधि वढ्ने तथा सोको लाभ समस्त जनसमुदायमा पुग्ने कुरामा कुनै शंका छैन।

## ३. उद्योग क्षेत्रको लागि नीतिगत उद्देश्य र रणनीति

गणतान्त्रिक नेपालको प्रादुर्भावको साथसाथै नेपाली जनताको आम जनमतबाट चुनिएका तथा हाल नेपाली जनताको विकासको आकांक्षालाई पुरा गर्न प्रतिवद्ध सरकारको दोहोरो अंकको आर्थिक वृद्धि हासिल गर्ने लक्ष्य पुरा गर्न निम्न औद्योगिक विकासका लक्ष्य रणनीतिहरु निर्धारण गरिएको छ।

### ३.१ लक्ष्य

- निजी क्षेत्र तथा सहकारी समेतको संयुक्त प्रयासमा दिगो तथा वृहत औद्योगिक विकास गरी राष्ट्रिय अर्थतन्त्रलाई सुदृढ तुल्याउने ।

- लघु, घरेलु तथा साना उद्योग व्यवसायको प्रवर्द्धन गरी गरिवी निवारण तथा समावेशी सामाजिक संरचनाको विकासमा सघाउ पुर्‍याउने ।

- नेपाललाई सुरक्षित तथा आकर्षक लगानी गन्तव्यको रुपमा विकास गर्न आवश्यक आर्थिक तथा अन्य नीतिगत व्यवस्था गर्ने ।

- सन्तुलित क्षेत्रीय विकासलाई सघाउन स्थानीय रुपमा उपलव्ध हुने कच्चा पदार्थ, सीप तथा अन्य श्रोत साधनमा आधारित उद्योगहरुको प्रवर्द्धन गर्न सहायक हुने निकायहरुको सुदृढीकरण र विकास गर्ने ।

- नयाँ प्रविधि र वातावरण मैत्री उत्पादन प्रक्रियाको अवलम्वन गरी लागत प्रतिस्पर्धी, वढी उत्पादक तथा वजार प्रतिस्पर्धी हुने प्रकृतिका दिगो औद्योगिक व्यवसायहरुको विकास गर्ने ।

- लगानी मैत्री, उत्पादक तथा सीपयुक्त श्रमिक तथा व्यवस्थापकीय जनशक्तिको विकास गर्ने ।

### ३.२ क्षेत्रगत रणनीति तथा कार्ययोजना

निजी क्षेत्रको विकास तथा सो मार्फत लगानी र व्यापार व्यवसायमा विस्तार गर्न केही महत्वपूर्ण तत्वहरु जस्तै, स्थिर आर्थिक व्यवस्थापन; लगानी, व्यापार तथा मूल्य उदारीकरण; अवरोध शून्य प्रतिस्पर्धा; वित्तिय तथा पूँजी वजारको सुचारुपन; लचिलो श्रम तथा भूमि वजार; राम्रो भौतिक, सामाजिक तथा प्रविधि पूर्वाधार; न्यायसंगत कर प्रणाली; निजी सम्पत्तिको संरक्षण गर्न सक्ने तथा प्रभावकारी ढंगवाट करार र विवाद समाधान गर्न सक्ने कानूनी र न्यायीक प्रणालीको उपस्थिति अनिवार्य हुन्छ । त्यसको अतिरिक्त नीतिगत विषयले विश्वव्यापीकरणवाट सिर्जित अवसरहरुको अधिकतम सदुपयोग (व्यापार तथा पूँजी प्रवाहमा अभिवृद्धि) तथा यसवाट सिर्जना हुनसक्ने जोखिमहरु (जस्तै, अल्पकालमा हुनसक्ने पूँजी पलायन) लाई समेत संवोधन गर्न सक्नुपर्ने छ । यसको लागि बजार संयन्त्रलाई नियमित गर्न सक्ने संस्थागत व्यवस्था, सामाजिक सुरक्षा तथा श्रमिकहरुको हित प्रवर्द्धन गर्ने कार्यक्रमहरु ल्याउन पनि उत्तिकै जरुरी छ । यी पक्षहरुलाई समेत मध्यनजरमा राखेर निजी क्षेत्रलाई व्यापार तथा लगानीमा अग्र भूमिका निर्वाह गर्न सक्ने तुल्याउन निम्न रणनीति तथा कार्ययोजना अघि सारिएको छ ।

- स्वदेशी उद्योगहरुलाई कम गुणस्तरका तथा तत्अनुरुप कम मूल्यमा आयात हुने वस्तुहरुको अस्वस्थ प्रतिस्पर्धावाट संरक्षण गर्न भन्सार महशुल, anti-dumping duty, तथा समिकारक महशुलको व्यवस्था कार्यान्वयन गरिने छ ।
- औद्योगिक क्षमता तथा उत्पादकत्वमा सुधार तथा व्यवसायिक पुनर्संरचनालाई अंगिकार गरी निर्यात प्रवर्द्धन गर्न सकिने तुलनात्मक लाभ तथा प्रतिस्पर्धी क्षमता भएका आर्थिक क्षेत्र तथा उपक्षेत्रहरुको पहिचान गर्ने तथा तिनको निकासी वढाउन प्रभावकारी रणनीति अवलम्वन गरिने छ ।
- देशको हावापानी, जैविक विविधता तथा धरातलमा आधारित तुलनात्मक लाभ भएका निकासीजन्य वस्तुहरुको पहिचान, विकास तथा उत्पादन प्रवर्द्धन गरिने छ ।
- व्यापारजन्य व्यवसायिक लागत घटाउन भौतिक पूर्वाधारको विकास, नियम संगत व्यापारको अभिवृद्धिको लागि भएका ऐन, नियम तथा प्रक्रियाहरुको सुधार तथा विकास गर्ने ।
- निर्यात प्रवर्द्धनको लागि निजी क्षेत्रलाई सहभागी वनाई विभिन्न प्रवर्द्धनात्मक कार्यक्रम तथा उत्प्रेरणाको पहिचान तथा कार्यान्वयन गरिने छ ।
- स्वदेशी उद्योगहरुलाई विश्व तथा क्षेत्रीय व्यापार सन्धिले प्रदान गरेका अवसरहरुको सदुपयोग गर्न उत्पत्तिको नियम तथा त्यस्ता सन्धिमा व्यवस्था भएका प्रावधानहरु पूरा गर्न सक्षम तुल्याउन ती विषयहरुमा गहन गृहकार्य गरिने छ ।
- विद्यमान भन्सार, पारवहन, गुणस्तर प्रमाणीकरण तथा अन्य गुणस्तर संग सम्वन्धित मापदण्डलाई विश्व वजारलाई स्वीकार्य हुनसक्ने गरी विकास गरिने छ ।
- तुलनात्मक लाभ भएका तथा प्राथमिकता दिईएका क्षेत्रहरुमा वैदेशिक लगानी तथा प्रविधिलाई आकर्षित गर्न लगानी मैत्री वातावरणको सिर्जना गरिने छ । साथै पूर्वाधारको क्षेत्रमा निजी तथा विदेशी लगानीलाई आर्कषित गर्न निम्न कुराहरुमा प्रतिवद्धता गरिने छ ।

- o यसको लागि छिमेकी मुलुकहरुमा प्रदान गरिएका सुविधा तथा सहुलियतमा नघट्ने गरी उचित प्रोत्साहनको व्यवस्था गर्ने ।
- o लगानीसंग सम्वन्धित प्रक्रियाहरुलाई सरल, नियमित तथा पारदर्शी तुल्याउने ।
- o लगानी तथा व्यापारसंग बाझिएका विद्यमान ऐन कानूनहरुलाई तत्अनुरुप सुधार तथा मिलान गर्ने ।

- ▪ प्रविधि ग्राह्यता स्तरलाई अभिवृद्धि गर्न प्रविधि विकास तथा हस्तान्तरण नीति तथा रणनीतिहरुको तर्जुमा गरी तत्अनुरुपको प्रविधि विकास तथा हस्तान्तरण सम्वन्धी संस्थागत पूर्वाधारको विकास गरिने छ । त्यसैगरी निजी क्षेत्रलाई यसतर्फ दिनुपर्ने प्रोत्साहन तथा सहयोगको क्षेत्रको पहिचान गरिने छ ।
- ▪ सरकारी-सहकारी-निजी क्षेत्रको साझेदारीलाई प्रवर्द्धन गर्न प्रभावकारी नीतिको तर्जुमा र कार्यान्वयन गर्ने । त्यसैगरी यी तीनै क्षेत्रको सहकार्यमा दोहरोपन आउन नदिन प्रत्येकको भूमिका किटान गरी पूर्वाधारको क्षेत्रमा निर्माण-संचालन-हस्तान्तरणको कानूनी व्यवस्थालाई प्रभावकारी ढंगवाट परिचालन गर्न सकिएमा जोखिमको बाँडफाँड हुनगै लगानीमा प्रोत्साहन पुग्ने देखिन्छ । साथै यस्तो समिकरणको प्रभावकारी र दिगो विकास गर्न संस्थागत तथा प्रणालीगत व्यवस्था गरिने छ ।
- ▪ जिम्मेवारपूर्ण कर्पोरेट क्षेत्रको विकास गर्न बाणिज्य सम्वन्धी कानूनमा सुधार गरी लेखा तथा लेखा परीक्षण सम्वन्धी मापदण्डहरुको निर्धारण, व्यवसायिक कारोवारको पारदर्शिता; स्वस्थ वातावरणीय, श्रम तथा सामाजिक मापदण्डहरुको निर्धारण; अल्पमतका शेयर धनीहरुको अधिकार संरक्षण तथा दामासाही ऐनहरुको प्रभावकारी कार्यान्वयन गरिने छ ।
- ▪ कानूनी शासन, शान्ति तथा सुरक्षा कायम गर्न उद्योग व्यवसायको लागि छुट्टै सुरक्षा वलको गठन गरिने छ ।
- ▪ अत्यधिक गरीव, पिछडिएका, सिमान्तकृत तथा समाजवाट वहिष्कृत वर्गलाई लक्षित गरी लघु, घरेलु तथा साना उद्योग विकास कार्यक्रम कार्यान्वयन गरिने छ ।
- ▪ नयाँ उद्यमहरुको विकास गर्न तथा युवा उद्यमीलाई आवश्यक पर्ने लगानी पूँजीको व्यवस्था गर्न Venture Capital Fund को स्थापना गर्ने । साथै साना, घरेलु तथा ग्रामीण उद्योगहरुमा पूँजीको पहुँच वढाउन आवश्यक व्यवस्था गरिने छ ।
- ▪ लघु, साना तथा मझौला उद्योगहरुको श्रृजना तथा प्रर्वद्धन गर्न औद्योगिक केन्द्र (Industrial Clusters) को विकास गरिने छ ।
- ▪ साना स्तरका उद्यमहरुसंग ठूला उद्योगहरु तथा सहयोगी निकायहरुसंग दिगो सम्बन्धनको निर्माण गर्न प्रयास गरिने छ । त्यसै गरी करार उत्पादन (Contract Production) लाई बढावा दिन कानूनी संयन्त्रको विकास तथा कार्यान्वयन गरिने छ ।
- ▪ कृषि, बन, खानी तथा पर्यटन आदि अन्य आर्थिक क्षेत्रहरुसंग अग्र, पृष्ठ तथा सामानन्तर अर्न्तसम्बन्धको विकास गरी निकासीजन्य उद्योगहरुको मूल्य अभिवृद्धि गर्न आवश्यक उपायहरु अवलम्बन गरिने छ ।
- ▪ श्रम बजार प्रणालीमा सुधार गरी गरीबीको रेखामुनी रहेका समुदायको लागि रोजगारीको अवसर तथा उत्पादकत्व स्तरमा अभिवृद्धि गरिने छ ।
- ▪ बौद्धिक सम्पदा अधिकार सम्बन्धी ऐनलाई TRIPS सम्झौताका प्रावधान अनुकूल हुने गरी परिमार्जन तथा निर्माण गरिने छ ।
- ▪ अर्न्तराष्ट्रिय नेटवर्कबाट लाभ लिनको निमित्त Patent Cooperation Treaty (PCT) तथा Madrid Protocol को सदस्यता लिन पहल गरिने छ ।
- ▪ हरित उत्पादन तथा स्वच्छ उत्पादन तथा प्रशोधन प्रक्रियालाई प्रोत्साहन तथा प्रर्वद्धन गर्न सम्बन्धित ऐनहरुमा उचित व्यवस्था गरिने छ ।
- ▪ विशेष आर्थिक क्षेत्र स्थापना हुने क्षेत्र वरिपरी औद्योगिक केन्द्र (industrial clusters) स्थापना गर्ने नीति लिइने तथा यस्ता क्षेत्रमा स्थापना हुने उद्योगलाई सहयोगी हुने उद्योगहरुको पहिचान र विकास गरिने छ ।

- निर्यात प्रर्वद्धन तथा विदेशी लगानी आकर्षण गर्ने वातावरणको निर्माण गर्न तथा स्वदेशी उद्योगहरुसंग अर्न्तसम्बन्ध विकास हुने खाल्का, रोजगारी र मूल्य अभिवृद्धि तथा राजस्व आर्जनमा सघाउ पुर्‍याउने प्रकृतिका उच्च गुणस्तरका विदेशी लगानीलाई आकर्षित गर्न लगानीकर्ताले खोज्ने नेपालमा लगानीको क्षेत्र, बजार तथा निकासीको सम्भावना र सोसंग सम्वन्धित विवरण तथा तथ्यांकको प्रवाह गर्न संस्थागत सुदृढीकरणका साथै प्रर्वद्धनात्मक कार्यक्रमहरुलाई विशेष जोड दिइने छ । त्यसै गरी समय समयमा लगानीकर्ताको ध्यान आकर्षित गर्न "व्यापार तथा लगानीको अवसर" सम्बन्धी विषयमा लगानी मञ्चको आयोजना गरिने छ ।

**३.३ क्षमता विकास तथा उत्पादकत्व अभिवृद्धिको उपायहरु :**

- उत्पादकत्व तथा प्रतिस्पर्धी क्षमता अभिवृद्धिको लागि उद्योग व्यवसायीलाई प्रविधि व्यवस्थापन तथा हस्तान्तरणको लागि उत्प्रेरित गर्न आवश्यक व्यवस्था गरिने छ ।

- उद्योग तथा उपभोक्ताको हितको संरक्षणको लागि गुणस्तर निर्धारण, प्रमाणीकरण तथा उपयुक्त नापतौल सम्वन्धी मापदण्डको प्रभावकारी व्यवस्था गर्न नेपाल गुणस्तर तथा नापतौल विभाग र खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग र निजी क्षेत्रका गुणस्तर सम्वन्धी प्रयोगशाला एवं निकायहरुको संस्थागत क्षमताको सुदृढीकरण गरिने छ ।

- साना तथा लघु उद्यमहरु फस्टाउने एवं युवा उद्यमीहरुको विकास हुने स्वस्थ वातावरणको निर्माण गर्न उद्यमी शिक्षा र business incubation को विकासमा जोड दिइने छ ।

- उद्योग तथा व्यापारको गतिशील प्रवृति तथा अन्तराष्ट्रिय आर्थिक परिवेशलाई ध्यानमा राखी उद्योग मन्त्रालयको नीति तथा योजना तर्जुमा र अनुसन्धानात्मक क्षमतालाई सुदृढीकरण गर्न प्रयास गरिने छ ।

**३.३ भौतिक पूर्वाधारको विकास**

- जनसमुदायसंग रहेको शीप र ज्ञानको भण्डार तथा स्वदेशमा रहेको प्रविधि क्षमतालाई तिनमा आधारित उद्योगको विकासमा परिचालन गर्न देशका औद्योगिक क्लष्टरहरुमा पेटेण्ट खोजी केन्द्रहरुको स्थापना गरिने छ ।

- मुलुकका विभिन्न भागमा भौतिक पूर्वाधार तथा उपकरणबाट सुसज्जित business incubation centres को स्थापना गरिने छ ।

- निजी क्षेत्र तथा विदेशी लगानीकर्ताको सहभागितामा बीरगंज, काकडभित्ता, पाँचखाल तथा धनगढीमा विशेष आर्थिक क्षेत्रहरुको स्थापना गरिने छ ।

## ४. दातृसंस्था तथा मुलुकहरुबाट सहयोगको सम्भावित क्षेत्रहरु

प्रतिस्पर्धी बजारको वातावरणलाई राम्रोसंग नियमित र संचालन गर्न सकिएमा सामान्यतया सरकारी क्षेत्रको तुलनामा निजी क्षेत्रले मुलुकका श्रोत र साधनको समुचित र मितव्ययितापूर्वक उपयोग गर्न सक्ने कुराको महसुस नेपाल सरकारले समेत गरेको छ । त्यसर्थ नेपाल सरकारले समेत व्यवसाय संचालनबाट क्रमशः आफूलाई अलग गर्दै लगी निजी क्षेत्रको क्रियाकलापलाई सहयोगी हुने खाल्का नीतिगत, कानूनी र संस्थागत विकासमा आफ्नो भूमिकालाई केन्द्रित गर्दै आएको छ ।

माथिका परिच्छेदहरुमा उल्लेखित नेपाल सरकारको लिएको नीतिगत, संस्थागत र पूर्वाधार विकासको लक्ष्य तथा रणनीतिहरुलाई सरकारको एक्लो प्रयास र श्रोत साधनले पुरा गर्न सम्भव छैन । तसर्थ नेपाल सरकारले बद्लिंदो आर्थिक परिवेश अनुरुप चल्न नेपाललाई सक्षम तुल्याउन र नयाँ राजनैतिक परिवेशमा जनताको बढ्दो इच्छा तथा आकांक्षालाई पुरा गर्ने गरी दिगो औद्योगिक विकासको जग बसाली नेपाललाई एक समुन्नत राष्ट्रको रुपमा स्थापित गर्न दातृ निकाय तथा मुलुकहरुबाट पनि निम्न सहयोगको अपेक्षा गरेको छ ।

### ४.१ नीति निर्माणमा सहयोग

- विश्व बजारमा प्रतिस्पर्धी हुने खाल्का उपयुक्त निकासीजन्य उद्योगहरुको पहिचान र प्रवर्द्धन गर्न तथा नेपाली उद्योगहरुले बहुपक्षीय, क्षेत्रीय तथा द्विपक्षीय सन्धिहरुले प्रावधान गरेका उत्पतिको नियम (Rules of Origin) पुरा गर्न सक्ने गरी क्षमता अभिवृद्धि गर्न ।

- विद्यमान भन्सार, पारवहन, गुणस्तर प्रमाणीकरण तथा अन्य गुणस्तर संग सम्वन्धित मापदण्ड तथा प्रक्रियालाई विश्व वजारलाई स्वीकार्य हुनसक्ने गरी विकास गर्न ।

- साना स्तरका उद्यमहरुसंग ठूला उद्योगहरु तथा सहयोगी निकायहरुसंग दिगो सम्बन्धनको निर्माण गर्न प्रयास गरिने छ । त्यसै गरी करार उत्पादन (Contract Production) लाई बढावा दिन कानूनी संयन्त्रको विकास गर्न ।

- औद्योगिक क्षमता तथा उत्पादकत्वमा सुधार तथा व्यवसायिक पुनर्संरचनालाई अंगिकार गरी निर्यात प्रवर्द्धन गर्न सकिने तथा देशको हावापानी, जैविक विविधता तथा धरातलमा आधारित तुलनात्मक लाभ तथा प्रतिस्पर्धी क्षमता भएका निकासीजन्य वस्तुहरुको पहिचान, विकास तथा उत्पादन प्रवर्द्धन गर्न ।

- प्रविधि ग्राह्यता स्तरलाई अभिवृद्धि गर्न प्रविधि विकास तथा हस्तान्तरण नीति तथा रणनीतिहरुको तर्जुमा गरी तत्अनुरुपको प्रविधि विकास तथा हस्तान्तरण सम्वन्धी नीति निर्माण, संस्थागत एवं पूर्वाधारको विकास गर्न तथा त्यसैगरी निजी क्षेत्रलाई यसतर्फ दिनुपर्ने प्रोत्साहन तथा सहयोगको क्षेत्रको पहिचान गर्न ।

- पूर्वाधारको क्षेत्रमा सरकारी-सहकारी-निजी क्षेत्रको साझेदारीलाई प्रवर्द्धन गर्न प्रभावकारी नीतिको तर्जुमा र यस्तो समिकरणको प्रभावकारी र दिगो विकास गर्न संस्थागत तथा प्रणालीगत व्यवस्थाको विकास गर्न ।

- जिम्मेवारपूर्ण कर्पोरेट क्षेत्रको विकास गर्न बाणिज्य सम्वन्धी कानूनमा सुधार गरी लेखा तथा लेखा परीक्षण सम्वन्धी मापदण्डहरुको निर्धारण, व्यवसायिक कारोवारको पारदर्शिता; स्वस्थ वातावरणीय, श्रम तथा सामाजिक मापदण्डहरुको निर्धारण; अल्पमतका शेयर धनीहरुको अधिकार संरक्षण गर्न उपयुक्त नीतिको तर्जुमा गर्न ।

- स्वदेशी उद्योगहरुलाई कम गुणस्तरका तथा तत्अनुरुप कम मूल्यमा आयात हुने वस्तुहरुको अस्वस्थ प्रतिस्पर्धावाट संरक्षण गर्न भन्सार महशुल, anti-dumping duty, तथा समिकारक महशुल सम्बन्धी नीति तथा कानूनको निर्माण गर्न ।

- Venture Capital Fund को स्थापना गर्न ।

- औद्योगिक क्लष्टरहरुको विकास गर्न तथा विशेष आर्थिक क्षेत्र स्थापना हुने क्षेत्र वरिपरी यस्ता विशेष आर्थिक क्षेत्रमा स्थापना हुने उद्योगलाई सहयोगी हुने उद्योगहरुको विकास गर्न उपयुक्त नीतिको तर्जुमा गर्न ।

- द्विपक्षीय, क्षेत्रीय तथा अर्न्तराष्ट्रिय सम्झौता तथा वार्तामा नेपालको हित संरक्षण गर्न सक्ने तुल्याउन उद्योग मन्त्रालयको क्षमता अभिवृद्धि गर्ने ।

- नेपालमा उपलब्ध लगानीको अवसरतर्फ विदेशी लगानीकर्ताको ध्यान आकर्षित गर्न “व्यापार तथा लगानीको अवसर” सम्बन्धी विषयमा लगानी मञ्चको आयोजना गर्न संस्थागत तथा प्राविधिक सहयोग पुर्‍याउन ।

### ४.२ क्षमता अभिवृद्धिमा सहयोग

- उद्योग तथा उपभोक्ताको हितको संरक्षणको लागि गुणस्तर निर्धारण, प्रमाणीकरण तथा उपयुक्त नापतौल सम्वन्धी मापदण्डको प्रभावकारी व्यवस्था गर्न नेपाल गुणस्तर तथा नापतौल विभाग र खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग र निजी क्षेत्रका गुणस्तर सम्वन्धी प्रयोगशाला एवं निकायहरुको संस्थागत क्षमताको सुदृढीकरण गर्न ।

- मुलुकका विभिन्न भागमा भौतिक पूर्वाधार तथा उपकरणबाट सुसज्जित business incubation centres को स्थापना गर्न तथा उद्यमी शिक्षा र प्रर्वद्धनसंग सम्बन्धित संस्थाहरुको क्षमता विकास गर्न ।
- उद्योग तथा व्यापारको गतिशील प्रवृति तथा अन्तराष्ट्रिय आर्थिक परिवेशलाई ध्यानमा राखी उद्योग मन्त्रालयको नीति तथा योजना तर्जुमा र अनुसन्धानात्मक क्षमतालाई सुदृढीकरण गर्न ।
- लगानीकर्ता तथा निजी क्षेत्रलाई आवश्यक हुने लगानीको वातावरण तथा व्यवसायिक अवसरहरु सम्बन्धी तथ्यांक र विवरण संकलन, प्रशोधन र वितरण गर्न data base र व्यवस्थापन क्षमता सुदृढीकरण गर्न उद्योग मन्त्रालयलाई सहयोग पुर्‍याउन ।

**४.३ पूर्वाधार विकासमा सहयोग**

- जनसमुदायसंग रहेको शीप र ज्ञानको भण्डार तथा स्वदेशमा रहेको प्रविधि क्षमतालाई तिनमा आधारित उद्योगको विकासमा परिचालन गर्न देशका औद्योगिक क्लष्टरहरुमा पेटेण्ट खोजी केन्द्रहरुको स्थापना गर्न ।
- नेपालमा प्रदर्शनी प्रभाव र निजी क्षेत्रलाई विशेष आर्थिक क्षेत्रमा लगानी गर्न प्रोत्साहित गर्न एक नमुना विशेष आर्थिक क्षेत्र र सोको संचालनको कार्यविधि तयार गर्न ।

Ψ Ψ Ψ